# लुङ्ग्री गाउँ कार्यपालिका बैठकको निर्णय अभिलेख

बैठक मितिः २०८०।०४।२१ स्थानः लुङ्ग्री गाउँ कार्यपालिकाको कार्यालय

**बैठक संख्याः १/०८०।८१**

गाउँ कार्यपालिकाको बैठकमा पेश भएका प्रशतावमा छलफल गरी देहायबमोजिमको निर्णय गरिएको छ।

निर्णयहरूः

१. **आ.व.२०७९।०८० को वार्षिक समिक्षा सम्बन्धमाः** आ.व.२०७९।०८० को वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धमा समिक्षा गरियो। समिक्षा पश्चात आएका सुझाव समेतलाई मनन् गरी चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रम कार्यान्वयनलाई प्रभावकारी बनाउन देहायबमोजिम गर्ने।

<u>देहाय</u>

क) हेभी मेसिनहरु मात्र प्रयोग हुने योजनाहरू उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्दा बेरुजु रकम बढ्दै गएको तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट समेत हेभी मेसिन प्रयोग हुने योजनामा उपभोक्ता समितिमार्फत कार्यान्वयन नगर्न निर्देशन आएको हुँदा त्यस्ता प्रकृतिका योजनाहरू उपभोक्ता समितिमार्फत कार्यान्वयन नगरी सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिमको अन्य खरिद प्रकृया अवलम्बन गरी कार्यान्वयन गर्ने ।

ख) योजनाहरुको सम्झौता ढिला गर्दा योजना अधुरो रहने समस्या देखिएको हुँदा चालु आर्थिक वर्षको योजनाको सम्बन्धमा २०८० असोज मसान्तसम्ममा सम्झौता गरी कार्य अगाडी बढाउने गरी कार्य गर्न निर्देशन गर्ने ।

२. **सार्वजनिक सुनुवाइ सम्बन्धमाः** आर्थिक वर्ष २०७९।८० को वार्षिक समिक्षा तथा सार्वजनिक सुनुवाइ कार्यक्रम लुङ्ग्री गाउँपालिका वडा नं २ मा मिति २०८०।०५।०९ मा आयोजना गर्ने।

३. **कार्यसम्पादन करार सम्झौता सम्बन्धमाः** आर्थिक वर्ष २०८०।०८१ को लागि गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतबीच तथा प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुख तथा वडा सचिवबीच कार्यसम्पादन करार सम्झौता गर्ने ।

४. **बर्थिङ सेन्टर सूचीकृत सम्बन्धमाः** हाल वर्थिङ सम्बन्धी कार्य भइरहेका देहायका स्वास्थ्य संस्थालाई वर्थिङ सेन्टरको रुपमा सूचीकृत गर्न आवश्यक प्रकृया अगाडी बढाउने।

देहाय

क) सामुदायिक स्वास्थ्य इकाइ ऐपे वडा नं १

ख) आधारभुत स्वास्थ्य सेवा केन्द्र जुतुङखोला वडा नं ३



धर्मराज बुढा
प्रमुख प्रशासकीय अधिकृत

[illegible] कुमार थापा
गा.पा.अध्यक्ष

ग) आधारभुत स्वास्थ्य सेवा केन्द्र नम्जा वडा नं ४

घ) सामुदायिक स्वास्थ्य इकाइ गोठेखर्क वडा नं ५

ङ) सामुदायिक स्वास्थ्य इकाइ छहरेखुङ वडा नं ७

५. **सुरक्षित गर्भपत सेवा सुचारू सम्बन्धमाः** स्वास्थ्य चौकी पाङमा सुरक्षित गर्भपतन सेवा सुचारु गर्नका लागि सहमतिको प्रकृया अगाडी बढाउने ।

६. **तलबमानमा एकरुपता कायम गर्ने सम्बन्धमाः** गाउँपालिकाको आन्तरिक स्रोतबाट तलब पाउनेगरी नियुक्त स्वास्थ्य संस्थाहरूमा कार्यरत कर्मचारीको तलमानमा एकरुपता कायम नभएको तथा गाउँपालिकाले पाउनुपर्ने सशर्त अनुदानको रकम समेत कमी भएको हुँदा देहायबमोजिम हुनेगरी तलबमान कायम गर्ने ।

<u>देहाय</u>

| स्वास्थ्य संस्था | पद | कायम हुने तलब | अन्य भत्ता |
|---|---|---|---|
| स्वास्थ्य चौकीमा दरबन्दी तथा थपमा कार्यरत कर्मचारी | एच.ए./अ.हे.व./अ.न.मि. | साविक बमोजिम | |
| आधारभूत स्वास्थ्य सेवा केन्द्र | अ.हे.व./अ.न.मि. | २६,०००।- | वर्थिङ सेन्टर भएमा मासिक २,०००।- खाजा खर्च |
| सामुदायिक स्वास्थ्य इकाइ | अ.हे.व./अ.न.मि. | २४,०००।- | वर्थिङ सेन्टर भएमा मासिक २,०००।- खाजा खर्च |
| स्वास्थ्य चौकी र आधारभूत स्वास्थ्य चौकीमा कार्यरत | कार्यालय सहयोगी | २०,०००।- | |
| सामुदायकि स्वास्थ्य इकाइमा कार्यरत | कार्यालय सहयोगी | ६,०००।- | आंशिक कार्य गर्नेगरी नियुक्त गर्ने |

७. **बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयन सम्बन्धमाः** बहुक्षेत्रीय पोषण कार्यक्रमको लागि नेपाल सरकारबाट प्राप्त हुने सशर्त अनुदान रकममा कमी आएको कारण पोषण सहजकर्ताको करारलाई निरन्तरता दिई उक्त कार्यक्रम कार्यान्वयन गर्दा तलव भत्तामा नै रकम खर्च हुन गई कार्यक्रमको प्रभावकारिता नदेखिने हुँदा पछि थप बजेटको सुनिश्चिता भई पोषण सहजकर्ता आवश्यक पर्ने भएमा हाल कार्यरत पोषण सहजकर्ताबाट नै सेवा लिनेगरी हाललाई उक्त कार्यक्रम कार्यरत कुनै कर्मचारीलाई फोकल पर्सन तोकी विषयगत क्षेत्रअनुसार विषयगत शाखाहरुले नै हेर्नेगरी कार्यान्वयन



प्रमुख प्रशासकीय अधिकृत

भरत बहादुर थापा
गा.पा.अध्यक्ष

गर्ने तथा हाल कार्यरत पोषण सहजकर्ताको करार अवधि २०८० श्रावण समान्तसम्म थप गरी सो पश्चात नवीकरण नगर्ने ।

८. **गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम कार्यान्वयन सम्बन्धमाः** गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम कार्यान्वयनका लागि नेपाल सरकारबाट प्राप्त अनुदानमा व्यापक कटौटी भएको तथा गाउँपालिकाबाट समेत उक्त कार्यक्रम कार्यान्वयनका लागि थप बजेट विनियोजन गर्न सक्ने अवस्था नभएको हुँदा प्राप्त बजेटबाट नै २ जना उद्यमविकास सहजकर्ता राखी कार्यक्रम कार्यान्वयन गर्दा प्रभावकारिता नदेखिने भएको हुँदा पछि थप बजेटको सुनिश्चिता भई कर्मचारी राख्न आवश्यक पर्ने भएमा हाल कार्यरत उद्यम विकास सहजकर्ताबाट नै सेवा लिनेगरी हाललाई उक्त कार्यक्रम गाउँ कार्यपालिकाकै मौजुदा कर्मचारीबाट गर्नेगरी उद्यम विकास सहजकर्ताको करार अवधि २०८० श्रावण समान्तसम्म थप गरी सो पश्चात नविकरण नगर्ने ।

९. **करार कर्मचारीको दरबन्दी कायम तथा करार नवीकरण सम्बन्धमाः** गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य केन्द्र तथा सामुदायिक स्वास्थ्य इकाइमा कार्यरत कर्मचारीको करार अवधि २०८० असार मसान्त देखि समाप्त भएको हुँदा आगामी आर्थिक वर्षको लागि देहायबमोजिम गर्नेः

क) स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य केन्द्र तथा सामुदायिक इकाइमा करारमा कार्यरत मातृ शिसु कार्यक्रम अन्तर्गत नियुक्त भएका बाहेक अन्य कर्मचारीहरूको दरबन्दी सोही निकायमा नै कायम गर्ने ।

ख) गाउँ कार्यपालिका तथा वडा कार्यालय र स्वास्थ्य संस्थाहरूमा स्वीकृत दरबन्दीमा कार्यरत प्राविधिक कर्मचारी तथा अन्य कर्मचारीको करार अवधि निजले करार निरन्तरताको लागि दिएको निवेदनको आधारमा स्थायी पदपूर्ती भएमा वा सेवा आवश्यक नभएमा सोही बखत रद्द हुनेगरी हाललाई २०८० पौस मसान्तसम्मको लागि थप गर्ने ।

ग) पञ्जीकरण तथा सामाजिक सुरक्षा इकाइ, एक गाउँ एक कृषि प्राविधिकको ६ महिनाको पारिश्रमिक तथा भत्ता र सूचना प्रविधि अधिकृतको साझेदारी गर्नुपर्ने पारिश्रमिक साझेदारी गरी करार अवधि २०८१ असार मसान्त सम्मको लागि नवीकरण गर्ने ।

१०. **सामुदायिक स्वास्थ्य इकाइको दरबन्दी कायम सम्बन्धमाः** हाल स्थापना भएका सामुदायिक इकामा हाल अ.हे.व. तथा अ.न.मी. गरी २ जनाको दरबन्दी कायम गरिएकोमा लुङ्ग्री गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण, २०८० मा १ जना अ.हे.व. वा अ.न.मी. को दरबन्दी प्रशताव गरिएको हुँदा उक्त प्रतिवेदनलाई क्रमशः कार्यान्वयन गर्न हाल बर्थिङ सेन्टरको रुपमा प्रयोगमा नरहेका देहायका सामुदायिक इकामा १ जना कार्यालय सहयोगीका साथै देहायबमोजिम दरबन्दी कायम गर्ने ।



धनराज बुढा
प्रमुख प्रशासकीय अधिकृत

भरत कुमार थापा
गा.पा. अध्यक्ष

देहाय

| सि.नं. | सामुदायिइ इकाइको नाम | हाल कायम दरबन्दी | हाल कार्यरत कर्मचारी | अब कायम हुने दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|
| १ | सामुदायिक स्वास्थ्य इकाइ तल्लो सीर्प | अ.हे.व.१ अ.न.मि.१ | सिता थापा(अ.हे.व.) दिल कुमारी महरा(अ.न.मि.) | अ.हे.व. १ | दिल कुमारी महरा(अ.न.मि.) लाई नयाँ स्थापना हुने बाखीखोर मनेकोटमा खटाउने |
| २ | सामुदायिक स्वास्थ्य इकाइ बेरी | अ.हे.व.१ अ.न.मि.१ | बेगम बहादुर रोका (अ.हे.व.) घिउमति विष्ट(अ.न.मि.) | अ.न.मि. १ | बेगम बहादुर रोका (अ.हे.व.) को सेवा आवश्यक नभएको हुँदा २०८० भदौ १ देखि करार रद्द गर्ने |
| ३ | सामुदायिक स्वास्थ्य इकाइ गोठेचौर | अ.हे.व.१ अ.न.मि.१ | स्मृति के.सी.(अ.न.मि.) | अ.हे.व. १ | आधारभूत स्वास्थ्य केन्द्र जुतुङखोलामा कार्यरत खोमसरा बुढा थोकी समेत कार्यरत रहेकोमा उक्त संस्थामा अ.हे.व. दरबन्दी १ जनाको मात्र रहेको हुँदा सामुदायिक इकाइ गोठेचौरमा खटाउने र ताँहा कार्यरत अ.न.मि.स्मृति के.सी.को सेवा आवश्यक नभएको हुँदा २०८० भदौ १ देखि करार रद्द गर्ने |

११. **सामुदायिक स्वास्थ्य इकाइ स्थापना सम्बन्धमाः** लुङ्ग्री गाउँपालिका वडा नं १ को बाखीखोर मनेकोटमा १ जना अ.न.मि. तथा १ जना कार्यालय सहयोगीको दरबन्दी सहित सामुदायिक स्वास्थ्य इकाइ स्थापना गर्ने ।

१२. **राहत विवरण सम्बन्धमाः** लुङ्ग्री गाउँपालिका वडा नं ५ मा विसालु च्याउ सेवनका कारण एकै परिवारका ३ जना सहित ५ जनाको मृत्यु भएको हुँदा देहायका मृतकका हकवालालाई जनही २० हजारका दरले नगद राहत आर्थिक सहायता शीर्षकबाट उपलब्ध गराउने ।



धर्मराज बुढा
प्रमुख प्रशासकीय अधिकृत

भरत कुमार थापा
अध्यक्ष

देहाय

| सि. नं. | मृतकको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | विमला वि.क. | लुङ्ग्री ५ | |
| २ | रोशनी वि.क. | लुङ्ग्री ५ | |
| ३ | भिमा गुरुङ | लुङ्ग्री ५ | |
| ४ | सुशिल गुरुङ | लुङ्ग्री ५ | |
| ५ | प्रेम गुरुङ | लुङ्ग्री ५ | |

१३. **कक्षा थप अनुमति सिफारिस सम्बन्धमाः** सामाजिक मा वि लुङ्ग्री गाउँपालिका वडा नं ३ ले शिक्षा शास्त्र पढाउनेगरी कक्षा ११ र १२ थपको लागि प्रश्तावपेश गरेको हुँदा उक्त कक्षा थपको पूर्वाधार पुगेको नै देखिदा कक्षा थप सम्बन्धी आवश्यक कार्य गर्न शिक्षा नियमावली, २०५९ को नियम १३ बमोजिम शिक्षा विकास तथा समन्वय इकाइ रोल्पामा सिफारिस गर्ने ।

१४. **मेलमिलाकर्ता सूचीकृत गर्ने सम्बन्धमाः** न्यायिक समितिमा दर्ता भएका विवादलाई मेलमिलापको माध्यमबाट समाधान गर्न मेलमिलापकर्ता सूचीकृत गर्नुपर्ने भएको हुँदा मेलमिलाप सम्बन्धी नियमावली, २०७० बमोजिम मेलमिलाप कर्ता सूचीकृत हुन सूचना प्रकाशन गरी मेलमिलाप कर्ताको सूची तयार गर्ने ।

१५. **सम्वाद्ध छात्रवृतिको लागि साझेदारी सम्बन्धमाः** हुरेक नेपाल रोल्पाले यस गाउँपालिका विपन्न तथा जेहेन्दार वर्गका विद्यार्थीको छात्रवृतिको लागि रु ६ लाख विनियोजन गरेको तथा गाउँपालिकाको तर्फबाट रु.२,५०,०००।– (दुइ लाख पचाँस हजार) साझेदारी गर्न अनुरोध गरेकोमा गत आ. व. मा समेत साझेदारी मार्फत कार्यक्रम गरेको र सो प्रभावकारी देखिएको हुँदा चालु आ. व. मा समेत छात्रवृति साझेदारीको लागि गैर सरकारी संघ संस्थासँग साझेदारी शीर्षकबाट रु.२,५०,०००।– (दुइ लाख पचाँस हजार) विनियोजन गरी छात्रवृति छनौट प्रकृया अगाडी बढाउने ।

१६. **लिप्ट सिचाइ आयोजना माग सम्बन्धमाः** लुङ्ग्री गाउँपालिका वडा नं ४ को लागि बोज्याङखोला साउनेटारी लिप्ट सिचाइ आयोजना सञ्चालन गर्न आवश्यक रहेको हुँदा उक्त आयोजना सञ्चालन गर्न सम्बन्धित निकायसमक्ष माग गर्ने ।

१७. **विपद् व्यवस्थापनको लागि जाली खरिद सम्बन्धमाः** वर्षाको कारण घरहरूमा पहिरोको जोखिम रहेको हुँदा ३×१×१ साइजको रु ७००००० (सात लाख) बराबरको जाली विपद व्यवस्थापन शीर्षकबाट खरिद गर्न प्रकृया अगाडी बढाउने ।

निर्णय प्रमाणित गरी जारी गरियोस्।